## आत्मनिर्णयको अधिकार ( Right to Self determination )

आत्मनिर्णयको अधिकार भनेको नागरिकहरूले आफ्नो भविष्यको निर्धारण गर्न कुनै पनि प्रकारको आन्तरिक र वैदेशिक हस्तक्षेपबाट स्वतन्त्र रही निर्णय गर्न पाउने अधिकार हो। यसलाई अन्तर्राष्ट्रिय कानुनले आफ्नो मौलिक सिद्धान्तका रूपमा स्थान दिएको छ। आत्मनिर्णयको अधिकारको निरपेक्ष प्रयोग संघीय शासन प्रणालीमा मात्र गर्न सकिन्छ।

सरकार अत्यन्त ज्यादा अलोकतान्त्रिक हुनु, राज्यका क्रियाकलापहरू र संयन्त्रमा सवै पक्षहरूको प्रतिनिधित्व नहुनु, जनताहरूले दमन र अन्यायको सामना गर्दै रहनु, सामाजिक न्याय र समानताको पक्ष कमजोर हुनु, आदिवासी र जनजातिलाई लामो समयदेखि सुविधाविहीन बनाई सीमान्तकृत अवस्थामा पुर्‍याउनु आदिजस्ता विभेदकारी अवस्था राज्यमा हुँदै जाँदा अन्याय र शोषणमा परेकाहरू आफ्ना अधिकारीहरूको प्राप्तिका लागि संघर्ष र आन्दोलनमा उत्रिई आत्मनिर्णयको अधिकारको पक्षमा अघि बढ्ने स्थितिमा पुग्छन्। त्यसैले आत्मनिर्णयको अधिकारको प्राप्ति र प्रयोगको अवस्था सृजना हुनुमा अमुक देशको विद्यमान शासन प्रणाली र सरकारी रवैया नै जिम्मेवार हुने गर्दछ।

मानवअधिकारहरूको बारम्बार उल्लंघन गर्दै जाँदा, कुनै भूभागको बलपूर्वक हडप गरिँदा देशमा उपलब्ध सीमित स्रोतसाधनको अनुपयुक्त, असमान र अन्यायपूर्ण हिसाबले लामो समयदेखि वितरण गर्दै जाँदा र यस्ता अनुपयुक्त व्यवहारलाई सुधार गर्न सरकारले क्रियाशीलता नदिँदाको अवस्थामा जनताहरू विद्रोहमा उत्रिने परिस्थिति निर्माण हुँदै जान्छ। यसको परिणति त्यस देशको भूभागको खण्डीकरण वा विभाजनको अवस्थासम्म सृजना हुनसक्छ। उदाहरणका लागि पूर्वी पाकिस्तान कुनै पनि प्रकारको वैदेशिक हस्तक्षेपबिनै छुट्टिएर नयाँ देशको रूपमा बंगलादेश अस्तित्वमा आएको छ। युगोस्लाभियाको सर्वेजियन बोस्निया हर्जगोभिनामा बस्ने अल्पसंख्यक जातिहरूले अन्य जातिसरह समान अधिकारको प्रयोग गर्न पाएनन्। यी

अल्पसंख्यकमध्ये युगोस्लाभियाले लामो समयदेखि दमन गरिराखेका आदिवासी सर्बियनहरूलाई सीमान्तकृत अवस्थामा पुर्‍याउने काम भइराखेको स्थितिमा आन्दोलनले उग्ररूप ग्रहण गरी देश नै टुक्रिएर बोस्निया हर्जगोभिना छुट्टै राष्ट्र बनेको छ, लोकतान्त्रिक देशहरूमा पनि अल्पमतमा रहेकालाई बहुमतमा रहेकाले उपयुक्त देखेको अधिकार मात्र उपभोग गर्न दिने प्रवृत्ति प्रायः सबैतिर देखिएको छ।

सहभागिताले असमानता र विभेदलाई कम गर्दै लैजान्छ। नागरिकहरू सरकारी क्रियाकलापहरू, नीतिहरू तथा कार्यक्रमहरूमा स्वामित्व ग्रहण गर्दै सन्तुष्ट रहन्छन्। आत्मनिर्णयको अधिकार सहितको संघीय शासन प्रणाली उदार एकात्मक शासनको तुलनामा सबै नागरिकलाई सन्तुष्ट राख्न सफल भएको देखिन्छ। यसको विरुद्धमा देखिएको अल्पमतमा रहेकाहरूको मुक्तिको विषय अत्यन्त सम्वेदनशील हुन्छ। यस अवस्थामा पीडित नागरिकहरू बहुमत शासक वर्गहरूका विरुद्ध गोलबद्ध भई उनीहरूले प्रदान गरेको पद्दतिको कानुनको उल्लंघन गर्न थाल्छन्। बिस्तारै चरम अन्यायका कारण अलग भएर बस्ने चाहना हुन थाल्दछ। उनीहरूको मुक्तिको विषय अत्यन्त महत्वपूर्ण हुन्छ, समान अधिकारका लागि संघर्षको उदघोष हुनपुग्छ। सबै समूहहरूको अधिकारको प्रत्याभूति गर्दै पीडित शोषित र अन्यायमा परेकाहरूको उन्मुक्ति प्राप्त गर्ने विषयलाई बहुमतको आडमा सरकारमा रहनेहरूले बेवास्ता गर्दै जाँदा अवस्था बिस्फोटक बन्न पुग्दछ। त्यसैले यथासमयमा समन्याय र सामाजिक न्याय प्रदान नगर्दा आत्मनिर्णयको अधिकारको प्रयोग गर्न पीडित जनता बाध्य हुन्छन्। सरकारमा रहनेहरू यस विषयमा गम्भीर भई सबै नागरिकलाई समेट्न लागि पर्नु जरुरी हुन्छ। यस्तो मानव मानवका बीचको विभेदरूपी जघन्य अपराधको अन्त्य जरुरी छ।

आधुनिक लोकतान्त्रिक देशहरू यसतर्फ गम्भीर बन्दै उदारताका साथ सबै प्रकारका अधिकारहरू प्रदान गर्न तत्परता देखाइराखेका छन्। एकात्मक शासन प्रणालीभन्दा संघीय शासन प्रणालीमा आत्मनिर्णयको अधिकार प्रदान गर्न बढी सहज हुन्छ भन्ने मान्यता रहेको छ। निरपेक्ष आत्मनिर्णयको अधिकारको

उपयोगद्वारा यस प्रकारका सबै विभेदको अन्त्य भई सबैमा समान अधिकार व्यवहारमा नै प्रदान गर्न सम्भव हुने तर्क गरिन्छ। अल्पमतमा रहेकाहरूको सामाजिक भलाई समान अधिकारको संरक्षणका लागि आत्मनिर्णयको अधिकारलाई माध्यम बनाउने पनि गरिएको छ। आत्मनिर्णयको अधिकारको उपयोग गर्ने चाहना राख्दा देशै विखण्डित हुने खतरा ज्यादा रहन्छ। त्यसैले यो अधिकार प्रदान गर्ने विषयलाई राष्ट्रियता, राष्ट्रिय एकता र क्षेत्रीय अखण्डतासँग सापेक्षतामा हेरिनुपर्छ भन्ने तर्क गरेको पाइन्छ। यो क्षेत्रीय विखण्डनको अवस्था केन्द्रीय नियन्त्रणमा रहेका र समान अधिकारहरू आफ्ना नागरिकलाई प्रदान नगरिएका देशहरूमा ज्यादा देखिएको छ।

यदि राजनीतिक प्रणालीले सबै जनतालाई समेटेको छ र आमसहभागिताको र लोकतान्त्रिक आधारमा शासन सञ्चालित भएको छ भने यस्तो विखण्डनको खतरा आन्तरिक कारणले आउँदैन। सहभागिताले असमानता र विभेदलाई कम गर्दै लैजान्छ। नागरिकहरू सरकारी क्रियाकलापहरू, नीतिहरू तथा कार्यक्रमहरूमा स्वामित्व ग्रहण गर्दै सन्तुष्ट रहन्छन्। आत्मनिर्णयको अधिकार सहितको संघीय शासन प्रणाली उदार एकात्मक शासनको तुलनामा सबै नागरिकलाई सन्तुष्ट राख्न सफल भएको देखिन्छ। असन्तुष्ट अल्पमतमा रहेका र सम्वेदनशील नागरिकहरूको हिस्सा आफ्नो अधिकारका लागि अघि बढ्दै सम्पूर्ण कार्यकारिणी अधिकार आफ्नो हातमा लिनेसम्मको गन्तव्यमा समाहित हुनपुग्छ। त्यसैले लोकतान्त्रिक सरकारले अल्पमतमा रहेका र अन्यायमा परेकालाई नीतिगत हस्तक्षेप गर्दै लक्षित एवं सम्वेदनशील वर्ग र तप्काका नागरिकलाई प्रशस्त अधिकार प्रदान गर्नुपर्छ।

आदिवासीलगायत लक्षित जनसमूहलाई लोकतान्त्रिक प्रक्रियामा सामेल गराई उचित प्रकारले सार्वजनिक जिम्मेवारी प्रदान गर्दै यो समूहमैत्री राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तथा रणनीतिहरू तर्जुमा गरी कार्यान्वयन जाने अवस्था सृजना गर्नुपर्छ। प्रायः सबै देशहरूमा आदिवासीहरू अन्यायमा परेको अवस्था छ।

उनीहरूको सम्पत्तिको हनन् मात्र भएको हुँदैन, राज्यले अन्यायपूर्ण व्यवहार गरेको हुन्छ। आत्मनिर्णयको अधिकारबाट यस्तो पछि परेको वर्गहरूले संगठित हुने अधिकार प्राप्त गर्छन्। यस अधिकार प्रदान गर्दा समान प्रतिनिधित्व, पहिचान र छनोटको अधिकार समानताको आधारमा दिनुपर्छ। तर यो अवस्था सृजना भई कमजोर वर्गले आत्मनिर्णयको अधिकारका पक्षमा संघर्ष गर्दा देशभित्र अस्थिरताको अवस्था सृजना हुने, वातावरण अस्तव्यस्त भई सामाजिक सौहाद्र्रतामा प्रतिकूल प्रभाव पर्दछ।

बहुमतमा रहेकाहरूको अधिकारमा कटौती गरी अल्पमतमा रहेकाहरूलाई विशेष सुविधा प्रदान गर्दा लक्षित समूहको उपयुक्त पहिचान र सम्बोधन हुन नसक्ने स्थितिमा द्वन्द्वात्मक अवस्था आमन्त्रण गरेको छ। तसर्थ अन्याय र विभेदबाट पीडित नागरिकहरूको आफ्नो अधिकार प्राप्त गर्ने अन्तिम अस्त्रका रूपमा यसलाई लिइएको छ। नेपालको अवस्था पृथक छ, एक सयभन्दा ज्यादा जातजाती, भाषाभाषी छन्। सबै प्रकारका पहिचानको प्रत्याभूति गर्नुपर्ने अवस्था छ। मधेशवादी दलहरूले स्वतन्त्र तराईको माग राखेका छन्। देशभित्र संघीयता र आत्मनिर्णयको अधिकारको विपक्षमा माहोल बनाउनेहरूको क्रियाशीलता बढी राखेको छ। संघीय शासन प्रणाली अवलम्बन गरेपश्चात विभिन्न तहका सरकारहरूको संख्या र सोही अनुपातमा निर्वाचित जनप्रतिनिधिको ठूलो जमातले गर्दा संघीयता अत्यन्त खर्चिलो भएको छ।

यस अवस्थामा नेपालको वर्तमान संविधानले निरपेक्ष आत्मनिर्णयको अधिकारलाई अस्वीकार गरी सबै जनतालाई समान अधिकार प्रदान गर्ने सम्बन्धमा गरिएका व्याख्याहरूजस्तै समानुपातिक प्रतिनिधित्व, सबै तहका सरकारले प्राप्त गरेका सबै प्रकारका स्वतन्त्रता, सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने प्रावधानहरूको व्यवस्थाका साथै समावेशीकरणका नीतिहरूको अवलम्बनबाट निरपेक्ष आत्मनिर्णयको अधिकार होइन। सबै नागरिकलाई समान अवसर प्रदान गर्ने गरी भएको संवैधानिक प्रत्याभूतिका कारण नेपालीबीच सौहाद्र्रताको अभिवृद्धि गर्दै, राष्ट्रियता, राष्ट्रिय एकता र क्षेत्रीयताको संरक्षण गर्न संविधान

सफल भएको छ। सबै प्रकारका अधिकार सबै नागरिकले निर्वाध रूपमा प्रयोग गर्न पाउने अवस्था छ। तर आउँदा दिनहरूमा देशको राजनीतिक प्रणाली अत्यन्त उदारताका साथ  सबैलाई समेटेर अघि बढ्नु जरुरी छ।

देशको सार्वभौमसत्ता र राष्ट्रियताले सर्वोपरी प्राथमिकता पाउनुपर्छ तर संघीय शासन प्रणालीमा पनि देखिएको केन्द्रिकृत मानसिकताबाट उन्मुक्ति प्राप्त गर्नुपर्छ। सबै तहका सरकारको क्षमता वृद्धिले प्राथमिकता पाउनुपर्छ। लोकतन्त्रमा सरकार पारदर्शी, जवाफदेही र निपुण हुनुपर्छ। कुनै पनि देशका लागि आत्मनिर्णयको अधिकारबाट देशको भौगोलिक अखण्डतामा प्रश्न उठ्ने अवस्था आउन दिनु हुँदैन। बलपूर्वक लादिएका कुनै पनि क्रियाकलाप र आत्मकेन्द्रित व्यवहार स्वाभिमानी नागरिकले स्वीकार गर्न सक्दैनन्। सापेक्षिक आत्मनिर्णयको अधिकार जसमा देशभित्र विविधताबीच एकता कायम गर्दै साम्प्रदायिक सद्भावलाई सुदृढ बनाउन नेपालको लोकतान्त्रिक प्रणालीले मार्ग प्रशस्त गर्न सक्नुपर्छ। यसमा देशका राजनीतिक दलहरू, नागरिक समाजलगायतको ध्यान जानु जरुरी छ।

सबै प्रकारका विभेदपूर्ण व्यवहारबाट जनता एवं सेवाग्राही असन्तुष्ट हुन पुग्छन्। असन्तुष्टिबाटै समान व्यवहारको माग हुन थाल्छ। जनता असन्तुष्ट हुँदै गर्दा आक्रामक रूपमा विद्यमान राजनीतिक प्रणालीको विरोध हुनपुग्छ। यसको परिणतिका रूपमा निरपेक्ष रूपमा समान अधिकार प्रदान गर्नु पर्ने अवस्था आउँछ। नेपालमा अहिले कार्यान्वयनमा रहेको समानुपातिक प्रतिनिधित्व, समावेशीकरणले लक्षित समूहलाई सम्बोधन गर्न नसकेको आलोचना तीब्ररूपमा भइराखेको छ। आर्थिक पक्षलाई गौण आँकलन गर्दै कार्यान्वयनमा आएका यी व्यवस्था र नीतिहरूबाट योगदान गर्ने समूह विशेषगरी असन्तुष्ट भइराखेको छ। यस अवस्थामा विद्यमान पद्दतिविरुद्ध जनता आन्दोलित रहँदा आत्मनिर्णयको अधिकारलाई समेत एजेन्डा

बनाउन सक्छन्। यस्ता नीति तथा कार्यक्रमले समग्र राष्ट्रिय स्वार्थ पूर्तिका लागि कुन हदसम्म सहयोगी वा अनुत्पादक देखिएका छन् अथवा यसको पुनरावलोकन र समीक्षा हुनु जरुरी छ।

विश्व परिवेशमा आत्मनिर्णयको अधिकारको प्रयोगको अवस्था अध्ययन गर्दा निरपेक्ष आत्मनिर्णयको अधिकार अथवा देशको निश्चित भूभागले छुट्टै अस्तित्व कायम गरी स्वतन्त्र रहने वा अन्य भूभागसँग गाभिने गरी निर्णय लिन सक्ने प्रावधान राखिँदा राष्ट्रको अखण्डतामा नै प्रश्न खडा भएको स्थिति देखिएको छ। तसर्थ यस अधिकारलाई सापेक्षतामा अर्को अर्थमा छुट्टिन नपाउने गरी सीमित गरिनु अत्यावश्यक छ। नेपालको संविधानले सापेक्षतामा नै नेपाली नागरिकले आत्मनिर्णयको अधिकार प्रयोग गर्न पाउने व्यवस्था मिलाएकाले विखण्डनको जोखिमबाट राष्ट्र मुक्त भएको छ।

## आत्मनिर्णयको अधिकार

समावेशी लोकतान्त्रिक प्रणालीमा जाति जनजाति महिला दलित अल्पसंख्यकको आत्मनिर्णयको अधिकार हुन्छ । आत्मनिर्णयको अधिकार भनेको आन्तरिक स्वायत्तता नै हो । आत्मनिर्णयको अधिकार मानव अधिकारको घोषणा १९४८ को धारा १ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ र आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको अभिसन्धी १९६६ को धारा १ मा उल्लेख गरिएको छ । त्यहाँ उल्लेख गरिएको छ 'सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार हुन्छ । त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्छन् तथा स्वतन्त्रतापूर्वक आर्थिक सामाजिक तथा सांस्कृतिक विकासमा लाग्छन्।' यसको तात्पर्य हो आत्मनिर्णयको अधिकारले प्रत्येक व्यक्तिले राजनीतिक हैसियत प्राप्त गर्छ र निर्वाचनमा भाग लिने मतदान गर्ने उम्मेदवार हुने दल दर्ता गर्ने आदि काम बिनाहस्तक्षेप स्वतन्त्रपूर्वक गर्नसक्ने अधिकार राख्छ । त्यसको पूर्ण प्रत्याभूति मानव अधिकारका सन्धी अभिसन्धबाट गरिएको छ ।

आत्मनिर्णयको अधिकारका लागि विश्वमा धेरै रगत र मसी बगिसकेको छ । आत्मनिर्णयको अधिकार

जनताको इच्छामा निर्भर हुन्छ । यसैले संविधानमा नै जाति जनजाति दलित महिला भाषाभाषी तथा विभिन्न वर्गले आत्मनिर्णय गर्न पाउने प्रावधान मौलिक हकको रुपमा व्यवस्था गर्नुपर्ने हुन्छ । सङ्घीय शासन प्रणाली साझा र स्वायत्त शासन व्यवस्थाका आधारमा साचालित हुन्छ । सबै प्रान्तीय एकाइ तथा स्थानीय सरकारलाई संविधानले प्रदान गरेको अधिकारक्षेत्रभित्र रही आत्मनिर्णयको अधिकार प्राप्त हुन्छ । तर आत्मनिर्णयको अधिकारमा देशबाट छुट्टिने वा देश विखण्डन गर्ने अधिकार हुँदैन ।

संघीय व्यवस्थामा भाषा जातीय समूह सामाजिक सांस्कृतिक संरचना जनसंख्या तथा भूगोललाई आधार मानी क्षेत्रीय स्वायत्तताको संवैधानिक व्यवस्था हुन्छ । प्रत्येक प्रदेश अथवा राज्यका जनताको सांस्कृतिक स्वायत्तता स्रोत साधनको स्वायत्तता जलस्रोत खनिज वन पैदावारमा स्वायत्तता जातीय एवं आत्मनिर्णयको अधिकार संविधानतः सुनिश्चित गरिएको हुन्छ । वर्तमान स्थानीय स्वायत्त शासनमा क्षेत्रीय स्वायत्तताको गुण नदेखिएको छैन । तर लोकतान्त्रिक व्यवस्थामा क्षेत्रीय स्वायत्तता अपरिहार्य मानिन्छ ।

आत्मनिर्णयलाई राजनीतिक सिद्धान्तको रुपमा मानव अधिकारको केन्द्रमा राखियो ।१८ औं शताब्दीमा अमेरिकी र प्रेन्च क्रान्तिमा त आत्मनिर्णयलाई मुटुकै रुपमा लिइयो । आत्मनिर्णयलाई लेनिनको राजनीतिक विचारधारामा कोसे ढुङ्गा नै मानियो । अमेरिकी राष्ट्रपति वील्सनले जाति जनजातिको आत्मनिर्णयको अधिकारलाई १४ मध्ये मुख्य बुँदाको रुपमा राखे । यसलाई युरोपका राजाहरुले स्वीकार गरे ।

द्वितीय विश्वयुद्धपछि आत्मनिर्णयकै अधिकारलाई माध्यम बनाएर राष्ट्रहरु उपनिवेशबाट छुट्टिए । मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ को आत्मनिर्णयको अधिकारलाई जोड दिदै उपनिवेशहरुको स्वतन्त्रता प्रत्याभूत गर्ने काम भयो । यसैको आधारमा यस्ता राज्यहरु छुट्टिने र त्यहाँका जनताले आफ्नो भूभागमा सार्वभौम अधिकारको अभ्यास गर्न थाले ।

नागरिक तथा राजनीतिक अभिसन्धि र आर्थिक सामाजिक र सांस्कृतिक अभिसन्धि १९६६ को धारा १ ले आत्मनिर्णयको अधिकारलाई पूर्ण रुपमा प्रत्याभूति गर्‍यो । यसले प्रत्येक व्यक्तिको आर्थिक सामाजिक सांस्कृतिक विकास गर्दै राजनीतिक हैसियत प्राप्त गर्ने अधिकारमा जोड दियो जसलाई विकासको अधिकारका रुपमा परिभाषित गरियो ।

राजनीतिक आत्मनिर्णयको अधिकारमा १ भौगोलिक अखण्डता २ नयाँ राज्यको उत्पत्ति ३ राष्ट्रवादको अधिकार ४ छुट्टिने अधिकार ५ आत्मनिर्णयका लागि उपचारको अधिकार ६ भेदभावको अन्त्य ७ मानव अधिकार उल्लंघनविरुद्धको अधिकार ८ सरकारले जातीय तथा रङ्गको आधारमा विभेद गरी राजनीतिक

प्रतिनिधित्व नगराएमा त्यसलाई टुक्र्याउन पाउने अधिकार सामेल गरियो । पछिका आत्मनिर्णयलाई केवल राजनीतिक र आथिक हैसियत प्राप्त गर्दै विकास गर्ने अधिकारमा जोड दिइयो । यस अधिकार पनि आन्तरिक र बाह्य आत्मनिर्णय गरी २ भागमा विभाजन गरियो ।

आन्तरिक आत्मनिर्णय भन्नाले सरकारमा भाग लिने प्रजातान्त्रिक प्रक्रियाको अधिकारलाई बुझिन्छ । यसले राज्यको कुनै क्षेत्रभित्र स्वायत्तता निम्ति अभ्यास गर्ने अधिकार समेतलाई जनाउँछ । यो द्वैत प्रकृतिको हुन्छ । यसमा कुनै पनि भेदभावबिना सबै जनतालाई राजनीतिक प्रतिनिधित्वको अधिकार हुन्छ । यसलाई निश्चित भूभागभित्रको जनताको सामूहिक अधिकार पनि मानिन्छ ।

परम्परागत धारणाअनुसार आत्मनिर्णयको अधिकारमा औपनिवेशिक जनतालाई सीमित अधिकार दिइन्थ्यो । विदेशीको अन्तर्गत रहेको राज्य र जातिगत बाहुृल्य भएको क्षेत्रमा दिने गरिन्थ्यो । यस किसिमको नियन्त्रित अवधारणा मानव अधिकारका कानुनसँग समेत बाझिने गथ्र्यो । आधुनिक धारणाअनुसार आत्मनिर्णयको अधिकारलाई नियन्त्रणमा राखिंदैन । मानव अधिकारको कानुनसँग यसले तादात्म्य राख्छ ।

राष्ट्रिय अखण्डता सार्वभौमसत्ता राष्ट्रियता एकतामाथि वैदेशिक हस्तक्षेपविरुद्ध जनताको अधिकारलाई बाह्य आत्मनिर्णयको अधिकार भनिन्छ । पूर्ण औपनिवेशिक र अर्धऔपनिवेशिक तथा ठूला राष्ट्रले साना राष्ट्रमाथि गर्ने हस्तक्षेप रोक्न यस आत्मनिर्णयको अधिकारले महत्व राख्दछ ।

आर्थिक आत्मनिर्णयको अधिकार संयुक्त राष्ट्र संघको मानव अधिकार समितिले जनताको प्राकृतिक स्रोत र साधनमा पहुँच हुने अधिकारलाई मान्यता दिएको छ । मानव अधिकार समितिले प्राकृतिक स्रोत र साधनसम्बन्धी विषयमा भाग लिने र निर्णय गर्ने अधिकार उल्लेख गरेको छ । यसबाहेक आफ्नो क्षेत्रभित्र प्राकृतिक स्रोत र साधनको उपभोग गर्ने सो सम्बन्धमा हुने निर्णयमा भाग लिने अधिकारलाई आदिवासी÷जनजातिको आत्मनिर्णयको अधिकारअन्तर्गत मानिएको छ । आर्थिक आत्मनिर्णय भनेको प्राकृतिक स्रोत साधनमा आत्मनिर्णयको अधिकार हो । आफ्नो प्राकृतिक स्रोत साधनमा पहुँच र लाभको अधिकारलाई पछिका दशकमा बढी महत्व दिइयो । आर्थिक सामाजिक र सांस्कृतिक विकासमा कसैले बाधा व्यवधान नगरी स्वतन्त्रतापूर्वक निर्णय गर्नसक्ने अधिकार पनि यसमा पर्छ ।

भूमण्डलीकरणको परिप्रेक्ष्यमा भने आत्मनिर्णयको अधिकारमा व्यवधान पुग्नसक्छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरु मानवीय कानुनले आत्मनिर्णयको अधिकारलाई मुख्य केन्द्रविन्दु बनाएका छन् ।

सम्बन्धित भौगोलिक क्षेत्रभित्र प्राकृतिक स्रोत र साधनमा स्वतन्त्रतापूर्वक आर्थिक निर्णय गर्ने अधिकार यसमा पर्छ । जस्तो हिमालको यासा्रगुम्बा तराईको पेट्रोल खानी दाङको कोइलाखानी कालीगण्डकीको सुन खानी नदीनालाको पानी वनजंगल समेतलाई कसरी प्रयोगमा ल्याउने र त्यसबाट आएको उत्पादनको मूल्य निर्धारण र लाभको वितरणसम्बन्धी अधिकारलाई पनि आर्थिक आत्मनिर्णयका रुपमा लिन सकिन्छ ।

सामाजिक÷सांस्कृतिक आत्मनिर्णयको अधिकार आत्मनिर्णयको अधिकारले उत्पीडित शोषित नागरिकलाई सामाजिक र सांस्कृतिक पहिचान दिलाउँछ । राष्ट्रियताको जगेर्ना गर्दछ । आदिवासी महिला जातजाति जनजाति अल्पसंख्यकको अधिकारको सम्मान गर्दछ । भेषभुषा रहनसहन सामाजिक र सांस्कृतिक मूल्यमान्यता भाषा धर्मको संरक्षण सम्बद्र्धनमा राज्यले हस्तक्षेप गर्दैन बरु सहयोग पुर्याउँदछ ।

सङ्घीय राज्य प्रणाली अपनाउने गरी संविधान संशोधन गरिएको छ । पछाडि परेकाहरुलाई राजनीतिक आर्थिक मूल प्रवाहमा पुर्याएर नै जनताको आत्मनिर्णयको अधिकारको सम्मान हुनेछ । यसमा सरकार राजनीतिक दलहरु नागरिक समाज समेतको ठूलो भूमिका रहन्छ । यसैबाट समावेशी लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्ने ढोका खुल्दछ ।

## आत्मनिर्णयको अधिकार

फ्रेन्चभाषीहरुको अत्यधिक बाहुल्य भएको क्यानाडाको क्युबेक प्रान्तले क्यानाडाबाट छुट्टिन दुई पटक जनमत संग्रहमा जाँदा पनि सकेन। क्युबेक प्रान्तको उत्तरी क्षेत्रमा क्रि जातिका आदिवासीहरुको बसोबास छ। क्युबेक प्रान्तीय सरकार र क्यानाडा केन्द्रीय सरकारमा उनीहरुको प्रतिनिधित्व गराउने राजनीतिक एकाइ 'ग्रयान्ड काउन्सिल अफ क्रिज' हो। क्यानाडाबाट छुट्टिएर जाने वा नजाने भन्ने निर्णयका लागि दोस्रो पटक १९९५ मा क्युबेकमा जनमत संग्रह भएको थियो। त्यसको केहीअघि पनि क्रि जातिले आत्मनिर्णयको अधिकार प्रयोग गर्दै जनमत संग्रह गरेका थिए। क्युबेक प्रान्त क्यानाडाबाट स्वतन्त्र भयो भने हामी क्रि जाति

क्युबेककै भूभागका रुपमा रहने कि क्यानाडाको भूभाग भन्ने जनमत संग्रहको विषय थियो। क्यानाडाको भूभागका रुपमा रहने भन्ने पक्षमा ९६ प्रतिशत मत परेको थियो।

ग्र्यान्ड काउन्सिल अफ क्रिजले क्रि आदिवासीको विगतको स्मरणलाई यसरी अंकित गरेको छ : 'कमसे कम चार पटक - सन् १६७०, १८७०, १८९८ र १९१२ मा हाम्रा जल, जमिन राजा महाराजाहरुबीच उपहारको रुपमा आदानप्रदान भए। आदानप्रदान हुँदा हाम्रा जल, जमिन कहिले औपनिवेशिक कम्पनीको हातमा, कहिले कुनै सरकारको हातमा गए। उपहारका रुपमा भएका ती आदानप्रदान हाम्रो जानकारीविना, हाम्रो स्वीकृतिविना भए। जल, जमिनका स्वामित्ववाला अनि त्यसका उपयोगकर्र्ता हामी क्रि जातिहरु ती जल जमिनसँगै उपहारको वस्तु भई एउटा हातबाट अर्को हातमा सुम्पिइँदै गयौँ। त्यसमा हाम्रो कुनै आवाज थिएन, निर्णय गर्ने हाम्रो कुनै अधिकार भएन। हाम्रा बारे के भइरहेको छ भन्नेसमेत जानकारी लिने हाम्रो कुनै अधिकार रहेन।'

ग्रान्ड काउन्सिल अफ क्रिजका यी मार्मिक वाक्यांशहरुमा आफूमाथि भएको अन्यायबारे क्रि जातिको चित्त दुखाइ प्रतिविम्बित भएको भए पनि स्वतन्त्र हुने नाममा उनीहरु क्यानाडाबाट अलग्गिन चाँहदैनन्। झट्ट हेर्दा क्युबेकले चाहे जुनसुकै बखत क्यानाडाबाट छुट्टिन सक्नेजस्तो देखिन्छ। त्यहाँ ८० प्रतिशत मानिसको मातृभाषा फ्रेन्च हो। ९७ प्रतिशत प्रथम वा दोस्रो भाषाको रुपमा फ्रेन्च भाषा बोल्छन्। सरकारी कामकाजको भाषा पनि फ्रेन्च हो, अंगे्रजी होइन। क्यानाडाको अन्य सबै प्रान्तमा भने अंग्रेजी र फ्रेन्च दुवै सरकारी भाषा हुन्। क्यानाडाको संघीय व्यवस्थामा क्युबेक प्रान्तको आफ्नै विशेषता छ। उदाहरणस्वरुप केही रोचक कुराहरु यस्ता छन् :

- क्युबेकको मन्ट्रियल सहरमा एक मित्रले आफ्नो मार्काको चुरोट पाएनन्। छिमेकी संयुक्त राज्य अमेरिकाको चुरोट त्यहीँ नजिकैको सहरमा नपाइनुको कारणचाहिँ चुरोटमा लेखिने मेड इन युएसए फ्रेन्च भाषामा नलेखिएकाले क्युबेकमा त्यो आयात हुन नसकेको रहेछ।

- क्युबेकमा कुनै व्यापारीको सुगाले फ्रेन्च भाषा बोल्न नसकेको विषयलाई लिएर एक महिला ग्राहकले कानुनी कारबाही चलाउने धम्की दिएकी थिइन्।

- एउटा पसलको साइनबोर्डमा फ्रेन्च द र अंग्रेजी शब्दको साइज बराबर भएको (फ्रेन्च शब्द ठूलो साइजमा नभएको) कारण त्यस पसलेले ५ सय डलर जरिबाना तिर्नु परेको थियो।

यस्तो विशेष परिवेश र हैसियत भएर पनि क्युबेक छुट्टिन सकेन।

विचार विमर्शका लागि यस सन्दर्भलाई नेपालको अवस्थासँग गाँसेर हेरौँ। मानौँ, राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले प्रस्तुत गरेको प्रारम्भिक मस्यौदाअनुरुप आत्मनिर्णयको अधिकारसहित १४ प्रदेशको व्यवस्था भयो। तर, क्युबेकजस्तै कुनै पनि प्रदेशलाई जनमत संग्रहको माध्यमबाट छुट्टिएर जाने आत्मनिर्णयको अधिकार प्राप्त छैन। क्युबेक प्रान्तमा फ्रेन्चभाषीको प्रभुत्व भएजस्तो लिम्बुवान, तमुवान, किरात, मगरात, वा अन्य प्रस्तावित कुनै प्रदेशमा पनि एकजातीय वा भाषिक प्रभुत्व देखिँदैन। क्युबेकको उत्तरी भागमा क्रि जातिको स्वायत्त क्षेत्र भएजस्तै प्रस्तावित प्रदेशहरुमा अल्पसंख्यक आदिवासी जनजातिहरुको स्वायत्त क्षेत्रहरु छन्।

यो परिदृश्य भएको मुलुकमा प्रदेशहरुलाई आत्मनिर्णयको अधिकार दियो भने राष्ट्रिय अखण्डतामा आँच

पुग्छ? पुग्दैन। किनभने, यो भनेको मुलुकभित्रको आन्तरिक आत्मनिर्णयको अधिकारको प्रसंग हो र प्रदेशभित्र अभ्यास भइरहने विषय हो। क्युबेकले जस्तो मुलुकबाट स्वतन्त्र हुन अभ्यास गरिने विषय होइन। प्रदेशका सबै समुदाय, जाति तथा जनजाति राष्ट्रिय अखण्डताको समान ठेकेदार हुन्। कुनै पनि प्रदेश कुनै जातिविशेष वा भाषीविशेषको मात्र होइन। त्यहाँ बसोबास गर्ने सबै जनताको साझा प्रदेश हो।

प्रदेशहरुलाई आत्मनिर्णयको अधिकारसहित स्वशासन दिनुपर्छ भन्ने कुरो गर्दा अन्यथा ठान्नु आवश्यक छैन। आत्मनिर्णयको अधिकार भनेको संघीयताको अवधारणा र संघीय एकाइमा बसोबास गर्ने जनताको अधिकारसँग गाँसिएको विषय हो। राष्ट्रिय अखण्डता भनेको मुलुकको स्वतन्त्रता र सार्वभौमसत्तासँग सम्बन्धित विषय हो। अहिले केही नेताले राष्ट्रिय अखण्डताको विषयसँग कुरो गाँसेर प्रदेशहरुलाई आत्मनिर्णयको अधिकार दिन सकिँदैन भन्न थालेका छन्। यसो भन्नु संघीयताको अवधारणा र मान्यताविपरीत कुरा हो। आत्मनिर्णयको अधिकार भनेको केन्द्रीय सरकारको हस्तक्षेपविना प्रदेश र स्वायत्त क्षेत्रले स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक व्यवस्थापन आफैँ गर्ने र आर्थिक सामाजिक सास्ंकृतिक विकासका मामलामा आफ्नो बाटो आफैँ तय गर्ने भन्ने हो।

राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले संविधानसभामा प्रस्तुत गरेको प्रारम्भिक मस्यौदामा 'आत्मनिर्णयको अधिकार भन्नाले आफ्ना बारे आफैँले निर्णय गर्न पाउने अधिकारलाई जनाउँछ' भनिएको छ। हरेक व्यक्ति, जाति, भाषिक र क्षेत्रीय समुदायलाई आत्मनिर्णयको अधिकार हुन्छ भन्ने सिद्धान्त एक प्रकारले सर्वमान्य भइसकेको छ भन्ने कुरो पनि स्पष्ट गरेको छ। राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले आफ्नो प्रारम्भिक मस्यौदामा अमिल्दो कुरो कहीँ गरेको देखिँदैन। आफ्नो बारे निर्णय गर्ने सबैभन्दा उपयुक्त र सक्षम व्यक्ति आफैँ हो। यस मान्यतामा स्थापित आफ्नो निर्णय आफैँ गर्न पाउने व्यवस्था भनेको नै आत्मनिर्णयको अधिकार हो।

संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ दुवैमा व्यवस्था गरिएअनुसार सबै जनतालाई आत्मनिर्णयको अधिकार हुन्छ। यस अधिकारका माध्यमबाट उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्न सक्छन्, स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक सामाजिक सास्ंकृतिक विकासको बाटो तर्जुमा गर्न सक्छन्। संयुक्त राष्ट्रसंघीय बडापत्रमा भएका प्रावधानअनुरुप ती अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको कर्तव्य हुन्छ। नेपाल यी अभिसन्धिहरुलाई अनुमोदन गर्ने सदस्य राष्ट्र हो। यसलाई बेवास्ता गरेर कुनै दल वा नेताले आत्मनिर्णयको अधिकारविरुद्ध उभिन मिल्दैन।
राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले पेस गरेको प्रारम्भिक मस्यौदामा भनिएको छ : 'संयुक्त राष्ट्रसंघमार्फत विकास भएको आत्मनिर्णयको अधिकारले स्वतन्त्रतापूर्वक, विना बाह्य हस्तक्षेप राष्ट्र तथा जनताले आफ्नो राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने अधिकार र आफ्नो क्षेत्रभित्र नियन्त्रण गर्ने अधिकार समावेश गर्छ। तर, छुट्टिन पाउने अधिकार समेट्दैन। त्यसले एउटै देशभित्र स्वशासन, स्वायत्ततालगायत राजनीतिक, आर्थिक, सांस्कृतिक अधिकार प्राप्त गर्ने सीमासम्म सीमित राख्छ। आत्मनिर्णयको अधिकार प्रयोग गर्दा आन्तरिक र स्थानीय रुपमा संस्कृति, धर्म, शिक्षा, सूचना, सञ्चार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि तथा स्रोतसाधनको परिचालन, वातावरणसम्बन्धी अधिकार र यी कार्यका लागि आर्थिक स्रोत जुटाउन स्वायत्तता र स्वशासनको अधिकार हुन्छ।'
उपरोक्त भनाइमा आत्मनिर्णयको अधिकारलाई स्पष्ट व्याख्या गरिएको छ। छुट्टिन पाउने अधिकार नसमेटिने स्पष्ट छ। राष्ट्रिय अखण्डतालाई आँच पुर्यावउने मनसाय कहीँ प्रकट हुँदैन। अनाहकमा नेताले

जनताका आकांक्षाप्रति अविश्वास गरेर आत्मनिर्णयको अधिकारको विपक्षमा कुरा गर्नु ठीक होइन। जनप्रतिनिधिहरुको काम र जनभावनाको कदर गर्दै नेताहरुले अविलम्ब संविधानसभाभित्रको प्रक्रियालाई अघि बढाउनुपर्छ। आत्मनिर्णयको अधिकारसहित स्वशासनको माध्यमद्वारा लोकतन्त्रलाई घर, आँगनसम्म पुर्याउनुपर्छ। यस किसिमको लोकतान्त्रिक अभ्यासका माध्यमबाट राज्यमा सबै नागरिकको समान पहिचान, पहुँच र प्रभावका लागि मार्ग निर्माण हुन्छ। मुलुकमा भावनात्मक एकताको धरातल बलियो हुन्छ।

नेपाललाई संघीय राज्यको रूपमा पुनसंरचना गर्दा आत्मनिर्णयको अधिकारसहितको स्वायत्त राज्य बनाउनुपर्ने विभिन्न समुदायको माग रहेको छ । यस सन्दर्भमा धेरैले आत्मनिर्णयको अधिकारलाई पृथक राज्यका रूपमा छुट्टनि पाउने अधिकारका रूपमा मात्र बुझेको देखिन्छ ।

## आत्मनिर्णयको अधिकार

आम नेपालीचाहिँ यसबारेमा अनभिज्ञ नै छन् । आत्मनिर्णयको अधिकार भनेको के हो ? यसको उत्पत्ति र विकास कसरी भयो ? यसभित्र के कस्ता अधिकारहरू पर्छन् ? के यो छुट्टै स्वतन्त्र राष्ट्र स्थापना गर्न पाउने अधिकार हो ? यस सम्बन्धमा आजसम्म पनि कुनै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, गैरसरकारी संघ/संस्थाहरूबाट यथार्थ कुरा प्रकाशमा आएको पाइँदैन । सर्वप्रथम आत्मनिर्णयको अधिकारबारे जोन लकले सार्वभौमसत्ताको सिद्धान्तबाट गरेका थिए । उनले सबै मानिस जन्मजात स्वतन्त्र र आफ्नो निर्णय गर्न सक्षम रहेको उल्लेख गरेका थिए । यसलाई समर्थन गर्दै थोमस जेर्फसनले जनताको इच्छा सर्वोच्च हुने विचार व्यक्त गरे । सन् १९१८ मा अमेरिकी राष्ट्रपति विड्रो विल्सनले यस सम्बन्धमा १४ बुँदे घोषणा सार्वजनिक गरे । उनले जनताको समर्थनबिना कसैले पनि वैधानिक रूपमा शासन गर्न नसक्ने कुरा उल्लेख गरेका थिए । उनको उद्देश्य कसैको उपनिवेशमा रहेको राष्ट्रका जनतालाई स्वतन्त्रताका लागि उत्प्रेरित गर्नु थियो । तत्कालीन रूसी राष्ट्रपति लेनिनले विश्वभरि समाजवादी क्रान्तिको विकास गर्ने उद्देश्यले आत्मनिर्णयको बारेमा आफ्नो विचार व्यक्त गरे। यसलाई संयुक्त राष्ट्रसंघको एक आधारभूत सिद्धान्तको रूपमा स्वीकार गरियो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा आत्मनिर्णयको अधिकार उल्लेख छैन। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १ मा आत्मनिर्णयको अधिकारबारे उल्लेख भएको पाइन्छ । यसमा भनिएको छ, 'सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ । यसबाट नै उनीहरू आफ्नो राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्छन् ।' आत्मनिर्णयको अधिकारको उत्पत्ति मानिसको चेतनामा आएको व्यापक परिवर्तन र राष्ट्रिय स्वाधीन आन्दोलनका कारण उपनिवेशबाट मुक्तिको उद्देश्यबाट भएको पाइन्छ । यस कुरालाई संयुक्त राष्ट्रसंघको एक महत्त्वपूर्ण अङ्गका रूपमा न्यासधारी परिषदको स्थापनाले पनि पुष्टि गर्छ । यस परिषदको मुख्य उद्देश्य

तत्काल स्वाधीनता प्राप्त तर आफैं शासन गर्न अक्षम राष्ट्रको शासन सञ्चालनमा सहयोग गरी सक्षम बनाउनु रहेको थियो। हाल यो परिषदलाई स्थगन गरिएको छ।

आत्मनिर्णयको अधिकारका मुख्य दुई स्वरूप छन्, प्रथम- बाह्य आत्मनिर्णयको अधिकार। दोस्रो- आन्तरिक आत्मनिर्णयको अधिकार। कुनै पनि देशको सार्वभौमसत्तामाथि अन्य देशले हस्तक्षेप गर्न नसक्ने कुरा बाह्य आत्मनिर्णयको अधिकार हो। यसलाई संयुक्त राष्ट्रसंघले आफ्नो आधारभूत सिद्धान्तको रूपमा स्वीकार गरेको छ। यो अन्तर्राष्ट्रिय कानुनको सर्वमान्य सिद्धान्त हो। सबै नागरिकले बिना भेदभाव स्वतन्त्रतापूर्वक नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने कुरा आन्तरिक आत्मनिर्णयको अधिकार हो।

पहिलो, स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्न पाउने अधिकारभित्र कसैको दासत्व वा उपनिवेशमा रहेका राष्ट्रलाई स्वतन्त्रता प्राप्त गर्ने, जनतालाई आफ्नो इच्छाअनुसारको राजनीतिक पद्धतिको अवलम्बन गर्दै राज्यव्यवस्थामा पहुँच र प्रतिनिधित्वको अधिकार, आवधिक तथा स्वतन्त्र निर्वाचनमार्फत सक्रियतापूर्वक सहभागी हुने, निर्वाचनमा उम्मेदवार हुने, मत दिने, इच्छानुसारको सरकार निर्माण गर्ने लगायतका अधिकार समाहित रहेका हुन्छन्।

दोस्रो, स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न पाउने अधिकारमा सम्पत्तिको अधिकार, सम्पत्ति राख्न, कमाउन, भोग गर्न, बेचबिखन गर्न पाउने अधिकार, रोजगारी गर्न, छान्न पाउने अधिकार, कुनै उद्योग, व्यवसाय वा पेसा गर्न, छान्न पाउने अधिकार, आराम गर्न पाउने अधिकार, विदाको अधिकार, राज्यका स्रोत र साधनमा समान पहुँचको अधिकार, राज्यबाट प्रदान गर्ने सेवा वा सुविधा प्राप्त गर्ने अधिकार, अन्यसरह समाजमा बस्न पाउने अधिकार, सामाजिक इज्जत र प्रतिष्ठा पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, बिना रोकतोक सामाजिक कार्य गर्न र सहभागी बन्न पाउने अधिकार, आफ्नो धर्म, भाषा र संस्कृतिको प्रयोग, संरक्षण र सम्बर्धन गर्न पाउने अधिकार लगायतका अधिकारहरू समाहित रहेका हुन्छन्।

त्यसैले आत्मनिर्णयको अधिकार कुनै एउटा अधिकार होइन। यो अधिकारहरूको समूह हो। मानिसलाई मानिस भएर बाँच्नका लागि आवश्यक सबै आधारभूत मानवअधिकार नागरिकको आत्मनिर्णयसँगै सम्बन्धित छन् र यी सबै अधिकार आत्मनिर्णयको अधिकार हुन्। तसर्थ सबै नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार आत्मनिर्णयको अधिकारभित्रकै अधिकारहरू हुन्।

अहिले जनताले आफूले छानेका जनप्रतिनिधि संलग्न संविधानसभाले समग्र नागरिक अधिकार सुरक्षित हुनेगरी विभिन्न निर्णय लिँदैछ। नागरिकको मौलिक हक, अल्पसंख्यक, सिमान्तकृत तथा बहिष्कृत वर्ग र समुदायको हक, अधिकार र राज्य व्यवस्थामा उनीहरूको समावेशीकरण लगायत विषयहरूमा निर्णय लिँदैछन्। योभन्दा ठूलो आफ्नोलागि आफैं निर्णय लिने अवसर अर्को हुन सक्दैन। यसर्थ संविधानसभा नागरिकको आत्मनिर्णयको अधिकार प्रयोग गर्ने सबैभन्दा ठूलो थलो बनेको छ। आत्मनिर्णयको अधिकारले हाम्रोजस्तो स्वतन्त्र र कहिल्यै पनि कसैको दासत्व र उपनिवेशमा नरहेको देशका जनतालाई उनीहरूको राजनीतिक हैसियत निर्धारण गरी आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न पाउने अधिकारसम्म प्रदान गर्छ।

आत्मनिर्णयको अधिकारलाई राज्य टुक्र्याउने अधिकारका रूपमा मात्र बुझिनु यसको मर्म र भावना विपरीत हुन्छ। राष्ट्रिय एकता र सार्वभौमसत्ता राष्ट्रको आन्तरिक मामिला मान्ने र हस्तक्षेप नगर्ने आधारभूत सिद्धान्तमा

अडिएको अन्तर्राष्ट्रिय कानुनले आत्मनिर्णयको अधिकारमार्फत जनतालाई पृथक राज्य गठन गर्ने अधिकारसमेत दिन्छ भनी कल्पनासम्म पनि गर्न सकिँदैन । यदि आत्मनिर्णयको अधिकारले राज्य टुक्र्याउने अधिकार दिने भए आज अस्ट्रेलियामा आदिवासीको, पाकिस्तान, इरान र अफगानिस्तानमा बलुचहरूको, टर्की, इराक, सिरिया र इरानमा कुर्दिसहरूको, भारतको कस्मिरमा कस्मिरी मुसलमानको, साइप्रसमा टर्किसहरूको, अमेरिकामा मेक्सिकन अमेरिकी, ल्याटिनो र श्रीलंकामा तमिलहरूको पृथक स्वतन्त्र राज्य स्थापना भइसकेका हुने थिए । ताइवान र प्यालेष्टाइनले स्वतन्त्र राष्ट्रका लागि लडिरहनुपर्ने थिएन । अतः आत्मनिर्णयको अधिकारले जनतालाई पृथक स्वतन्त्र राज्य स्थापना गर्ने अधिकार प्रदान गर्छ भन्नु आत्मरतिमा रमाउनुमात्र हो ।